"पाँचखाल नगर-कृषि शहर"
"Panchkhal Municipal Agriculture City"

# पाँचखाल नगरपालिका
## Panchkhal Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

पाँचखाल, काभ्रेपलाञ्चोक
(Panchkhal, Kavrepalanchok)

बागमती प्रदेश, नेपाल
(Bagmati Province, Nepal)

Phone: 011-499451
Fax: 011-499267

प.सं.(*Ref.*): ०७८।७९
च.नं.(*Ch.No.*): ३४०८

मितिः २०७९/०१/१३

श्री वडा कार्यालय (सबै),
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

विषयः सुनकोशी-३ जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी सार्वजनिक सूचना टाँस गरिदिने सम्बन्धमा ।

उपरोक्ता सम्बन्धमा विद्युत विकास विभाग सानोगौचरण काठमाण्डौको प.सं. ०७८/७९, च.नं. ३२७२, मिति २०७९/०१/११ गतेको पत्रसाथ प्राप्त प्रस्तावित सुनकोशी-३ जलविद्युत आयोजना (६८३ मेगावाट) को वतावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको रायसुझाव संकलनको लागि वन तथा वातारण मन्त्रालयले तयार पारेको सार्वजनिक सूचना तहाँ कार्यालयको सूचनापाटीमा टाँस गरीदिनुहुन यसै साथ पठाइएको व्यहोरा अनुरोध छ। प्रतिवेदनका सम्बन्धमा थप केही बुझ्नु पर्ने भएमा यस नगरपालिकामा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।

०७९/१/१२

(शिव प्रसाद हुमेगाई)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

बागमती प्रदेशको सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुली जिल्लाहरुमा प्रस्तावित सुनकोशी-३ जलविद्युत (६८३ मे.वा.) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको

## सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।...।...

प्रस्तावक श्री विद्युत विकास विभाग द्वारा बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोक गढी न.पा. को वडा नं. ९,१०,११,१२ र १४, सुनकोसी गा.पा.को वडा नं. १,३ र ४, बलेफी गा.पा.को वडा नं. ५, इन्द्रावती गा.पा.को वडा नं. १०,११ र १२, मेलम्ची न.पा.को वडा नं. १३ तथा काभ्रेपलाञ्चोक जिल्लाको मन्डनदेउपुर न.पा.को वडा नं. ६,७,९,१० र १२, पाँचखाल न.पा.को वडा नं. १३ र ८, भुम्लु गा.पा.को वडा नं. १,६,७,८,९ र १०, चौरी देउराली गा.पा.को वडा नं. ६,७ र ८, तेमाल गा.पा.को वडा नं. १,२,३,४,६,७ र ९ तथा रामेछाप जिल्लाको खाँडादेवी गा.पा.को वडा नं. १, सुनापति गा.पा.को वडा नं. १४ र ५, तथा सिन्धुली जिल्लाको सुनकोसी गा.पा.को वडा नं. १,२,३,४ र ५ मा प्रस्तावित सुनकोशी-३ जलविद्युत (६८३ मे.वा.) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गरेको छ।

प्राप्त प्रतिवेदन अनुसार यो जलाशयमा आधारित आयोजना हो। यस आयोजनाको संरचना अन्तर्गत यसको जलाशयको लम्बाई ४५ कि.मि. र कुल क्षमता १७६.९ करोड घ.मि. रहेको छ। बाँधको अधिक्तम उचाइ नदी सतहबाट १८० मि., बाँधको माथिल्लो सतहको लम्बाइ ५३८ मि., १९२.८९ मि. लामा चारवटा पेनस्टक पाइप, ११६ मि. लामो, २८.२० मि. चौडाइ र ३९ मि. अग्लो सतही विद्युत गृह जसमा १७०.७५ मे.वा. क्षमता भएका ४ वटा टरवाइन जडान गरिने, ३३ मि. लामो टेलरेस र सुरुङ्गको संख्या २ रहेका छन्। आयोजना निर्माणको लागि कुल ४०७३.६ हेक्टर जमिन (स्थायी रुपमा ३३६२.३ हेक्टर र अस्थायी रुपमा ७११.३ हेक्टर) जसमध्य ६५५.९ हेक्टर वन क्षेत्रको जग्गा र १६३५ हेक्टर निजी जग्गा आवश्यक पर्ने देखिन्छ। निर्माणको क्रममा ९६,६३० रुखहरु क्षति हुने देखिन्छ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरुमा तथा यस मन्त्रालयको बेबसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयूक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो लिखित रुपमा राय सुझाव निम्न ठेगानामा पठाई दिनुहुन यसै सूचना द्वारा आव्हान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरुः**

श्री ऊर्जा, जलस्रोत तथा संचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाण्डौ ।

श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर ।

श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाण्डौ।

श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरवार, काठमाण्डौ।

श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, एकान्तकुना/महाराजगंज, काठमाण्डौ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्री जिल्ला समन्वय समितिको कार्यालय, रामेछाप।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली।
श्री चौतारा साँगाचोक गढी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।
श्री मेलम्ची नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।
श्री सुनकोसी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।
श्री बलेफी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।
श्री इन्द्रावती गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक।
श्री मन्डनदेउपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक।
श्री पाँचखाल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक।
श्री भुम्लु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक।
श्री चौरी देउराली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक।
श्री तेमाल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक।
श्री खाँडादेवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रामेछाप।
श्री सुनापति गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रामेछाप।
श्री सुनकोसी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली ।

**राय सुझाव पठाउने ठेगाना**

वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव अध्ययन शाखा,
सिंहदरवार, काठमाण्डौ।
फो.नं. ०१-४२११५६७, ४२११९४६, फ्याक्स नं. ०१-४२११८६८